# अनुगमन कार्यक्रम सम्पन्न

आन्तरिक राजस्व कार्यालय, हेटौंडामा मिति २०८० श्रावण १९ गते श्रीमान अर्थ सचिव, श्रीमान महानिर्देशक, श्रीमान उपमहानिर्देशक एवं श्रीमान प्रमुख जिल्ला अधिकारीज्यूहरुबाट अनुगमनको कार्यक्रम सम्पन्न भयो। सो कार्यक्रममा कार्यालयको तर्फबाट प्रमुख कर अधिकृत श्री तुलसी प्रसाद भट्टराईले आर्थिक वर्ष २०७९/०८० मा सम्पादन गरेका उल्लेखनीय कार्यहरु, कार्य सम्पादनमा आएका समस्याहरु, आगामी दिनको रणनीति तथा आन्तरिक राजस्व विभागसँगको अपेक्षा सहितको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो प्रस्तुति पछि अर्थ सचिव श्री अर्जुन प्रसाद पोखरेलज्यू, आन्तरिक राजस्व विभागका महानिर्देशक श्री दीर्घराज मैनालीज्यू तथा प्रमुख जिल्ला अधिकारी श्री सूर्य प्रसाद सेढाईज्यूले विभिन्न विषयमा निर्देशन समेत दिनु भएको थियो । कार्यक्रममा विभागका उपमहानिर्देशक श्री टंक प्रसाद पाण्डेय, आ.रा.का. सिमराका प्रमुख कर अधिकृत श्री राजकुमार खतिवडा तथा कार्यालयका सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## कार्यक्रमका केही तस्बिरहरु











